धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क १२५ ◆ २०८३ मंसिर ४ शुक्रबार ◆ Friday, November 20, 2026 ◆ ने सं ११४७ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

साइबर तथा डिजिटल वित्तीय ठगीको उजुरी १२४७ मा गर्न सकिने

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । नेपाल राष्ट्र बैङ्कले 'साइबर' तथा 'डिजिटल' वित्तीय ठगीसम्बन्धी घटनाको उजुरी तथा गुनासो तत्काल सम्बोधन गराउन १२४७ नम्बरमा सम्पर्क गर्न सर्वसाधारणलाई आग्रह गरेको छ ।

राष्ट्र बैङ्कले साइबर तथा डिजिटल वित्तीय ठगी सम्बन्धी उजुरीको सम्बोधनका लागि प्रहरी प्रधान कार्यालयअन्तर्गत साइबर ब्यूरोमा २४सै घण्टा सञ्चालन हुने गरी विभिन्न सरोकारवाला निकायको सहभागितामा एकीकृत साइबर स्क्याम प्रतिकार्य केन्द्र स्थापना गरिएको जनाएको छ ।

उक्त केन्द्रको हटलाइन नम्बर १२४७ मा सम्पर्क गरी अनलाइन ठगी, फिसिङ, नक्कली लिङ्क, अनधिकृत कारोबार तथा 'डिजिटल' भुक्तानी सम्बन्धी ठगीका घटनाबारे जानकारी गराउन तथा उजुरी गर्न सकिने राष्ट्र बैङ्कले जनाएको छ । राष्ट्र बैङ्कले यस्ता ठगीमा परेमा तत्काल उक्त नम्बरमा सम्पर्क गरी जानकारी गराउन र उक्त केन्द्रबाट प्राप्त निर्देशन अनुसार आवश्यक प्रक्रिया अघि बढाउन अनुरोध गरेको छ ।

त्यसैगरी, ठगीमा परेमा आफ्नो बैङ्क तथा वित्तीय संस्था वा भुक्तानी सेवा प्रदायकलाई तत्काल जानकारी गराई बैङ्क खाता तथा डिजिटल वालेट सुरक्षित राख्न आवश्यक पहल गर्न पनि राष्ट्र बैङ्कले आग्रह गरेको छ ।

अरुण तेस्रो प्रसारण लाइन प्रभावितद्वारा मुआब्जा पुनरावलोकनको माग

सङ्घवासभा । अरुण तेस्रो जलविद्युत् आयोजनाको ४०० केभी प्रसारण लाइन निर्माणका लागि अधिग्रहण गरिएका जग्गाको मुआब्जा निर्धारण प्रक्रिया पुनरावलोकन गर्न खाँदबारीका प्रभावित जग्गाधनीले माग गरेका छन् । खाँदबारी नगरपालिका क्षेत्रका प्रभावित जग्गाधनीले मुआब्जा निर्धारणका क्रममा पर्याप्त छलफल, सहभागिता र जानकारी नगराइएको भन्दै जिल्ला प्रशासन कार्यालयमार्फत सरकारसँग पुनरा-वलोकनको माग गरेका हुन् । अरुण तेस्रो ४०० केभी प्रसारण लाइन सहजीकरण समूहले प्रमुख जिल्ला अधिकारी डा डिजन भट्टराईलाई ज्ञापनपत्र बुझाउँदै मुआब्जा निर्धारण प्रक्रिया पुनर-ावलोकन गरी उचित क्षतिपूर्ति र न्यायोचित निर्णय गर्न माग गरेको छ । मुआब्जा पुनरावलोकन सहजीकरण समितिका संयोजक नवीन भण्डारीले प्रभावित जग्गाधनीसँग पर्याप्त छलफल र परामर्श नगरी मुआब्जा निर्धारण प्रक्रिया अघि बढाइएको बताउनुभयो ।

समूहका सचिव छवि गुरुङले निजी सम्पत्ति, आर्थिक अवस्था, भविष्यमा जग्गाको उपयोगिता र जीविकोपार्जनसँग प्रत्यक्ष सम्बन्ध राख्ने विषयमा सरोकारवालालाई पूर्वजानकारी नदिइएको बताउनुभयो । समितिले यस विषयमा गृह मन्त्रालयमा समेत निवेदन पेस गरेको जनाएको छ । प्रभावित जग्गाधनीले प्रसारण लाइन निर्माणबाट पर्ने असरलाई ध्यानमा राखी निष्पक्ष र पारदर्शी रूपमा समस्या समाधान गर्न माग गरेका छन् ।

सुरक्षित मातृत्व, प्रजनन् स्वास्थ्य र न्यायमा पहुँच दिलाउन कर्णाली सरकार प्रतिबद्ध

कर्णाली । कर्णाली प्रदेशका मुख्यमन्त्री मङ्गलबहादुर शाहीले सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य र न्यायमा पहुँच दिलाउन प्रतिबद्ध भएको बताउनु भएको छ ।

आईपास नेपालद्वारा (हिजो) बिहीबार सुर्खेत वीरेन्द्रनगरमा आयोजित 'नागरिक वैज्ञानिक सम्मेलन'को उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री शाहीले राष्ट्रिय सूचकका अगाडि कर्णाली प्रदेशको स्वास्थ्य तथा शिक्षाका सूचक पछाडि रहेको बताउनुभयो । उहाँले कर्णालीमा मातृ तथा बाल मृत्युदर, पोषण, बालविवाह, लैङ्गिक तथा घरेलु हिंसाका नकारात्मक सूचक रहेकाले यसको सुधारका लागि विकास साझेदारहरुको सहयोग आवश्यक रहेको जनाउनुभयो । मुख्यमन्त्री शाहीले भन्नुभयो, "कर्णाली प्रदेश सरकार सुरक्षित मातृत्व, यौन तथा प्रजनन स्वास्थ्य अधिकार न्यायमा पहुँच दिलाउन प्रतिबद्ध छ । यसका लागि सरकार विकास साझेदार निकाय हरूसँग समन्वय र सहकार्य गर्न तयार छ। आइपासद्वारा आयोजित नागरिक वैज्ञानिक सम्मेलनले यहाँका महिला, किशोरी तथा बाल-बालिकासहित समग्र नगारिकको सुन्दर भविष्य निर्माणमा आवश्यक सहयोग पुर्याउने अपेक्षा गर्दछु ।" आइपास नेपालका देशीय निर्देशक जगदीश्वर घिमिरेले कर्णालीका पाँच र लुम्बिनी प्रदेशका तीन गरी आठ जिल्लालाई कार्य क्षेत्र बनाएर प्रजनन् स्वास्थ्य, मातृशिशु, सुरक्षित गर्भपतन सेवालाई विस्तार र प्रभावकारी बनाउँदै लगेको बताउनुभयो ।

सुरुवा याममा विद्युत् आयात गर्न बोलपत्र आह्वान गरिने

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । आगामी सुक्खायाममा विद्युत् आपूर्ति व्यवस्थापन सहज बनाउन नेपाल विद्युत् प्राधिकरणले भारतबाट १५० मेगावाट विद्युत् खरिदका लागि अन्तरराष्ट्रिय बोलपत्र आह्वान गर्ने तयारी गरेको छ ।

प्राधिकरणले सन् २०२७ जनवरीदेखि मेसम्म चौबिसै घण्टा (आरटिसी) विद्युत् आपूर्ति गर्नेगरी भारतीय विद्युत् व्यापारिक कम्पनी सँग प्रतिस्पर्धात्मक दरमा विद्युत् खरिद गर्न लागेको हो ।

प्राधिकरण सञ्चालक समिति सदस्य अंशुकिरण शाहीका अनुसार १५० मेगावाट विद्युत् आरटिसी मोडमा खरिद गर्ने प्रस्ताव अघि बढाइएको छ । पछिल्ला दुई-तीन वर्षदेखि सुक्खाययाममा आन्तरिक उत्पादनले माग धान्न नसक्दा भारतको विद्युत् पावर एक्सचेन्ज (आइईएक्स) को डे अहेड मार्केट (डिएएम) र रियल टाइम मार्केट (आरटीएम) बाट विद्युत् खरिद हुँदै आएको छ । यस वर्ष भोटेकोशी नदीमा आएको हिम बाढीले निर्माणाधीन तथा सञ्चालन मा रहेका विद्युत् आयोजनामा क्षति पुर्याउँदा करिब ४३० मेगावाट विद्युत् उत्पादन प्रणालीबाट बाहिरिएको छ । यसले आगामी सुक्खाययाममा विद्युत् आपूर्ति व्यवस्थापन थप चुनौतीपूर्ण हुने देखिएको छ ।

प्राधिकरणको विद्युत् व्यापार विश्लेषण समितिले गत भदौ २५ गते जनवरीदेखि मेसम्म १५० मेगावाट विद्युत् आरटिसी मोडमा खरिद गर्न व्यवस्थापनसमक्ष सिफारिस गरेको थियो । समितिले आवश्यकताअनुसार भारतीय पावर एक्सचेन्जबाट थप विद्युत् खरिद गर्न र अप्रिल तथा मे महिनामा माग बढ्ने भएकाले बजारको अवस्था हेरी थप खरिदको निर्णय लिन सुझाव दिएको थियो ।

आगामी सुक्खायामसम्म राष्ट्रिय विद्युत् प्रणालीमा करिब ३०० मेगावाट क्षमताका नयाँ आयोजना जोडिने अपेक्षा गरिएको भए पनि नदीमा पानीको बहाव घट्दा ती आयोजनाबाट करिब ९० मेगावाट मात्रै विद्युत् उत्पादन हुने अनुमान छ । त्यसैले आन्तरिक उत्पादनबाट माग धान्न कठिन हुने प्राधिकरणको आकलन छ ।

यसअघि प्राधिकरणले १५० मेगावाट विद्युत् खरिदका लागि भारतका तीन कम्पनीसँग दर प्रस्ताव माग गरेको थियो । तीमध्ये एनटीपीसी ट्रेडिङ कर्पोरेसन लिमिटेडले प्रतियुनिट भारु ६ रुपैयाँ ९० पैसा, मनिकरण इनर्जी लिमिटेडले ८ रुपैयाँ ५० पैसा र एसजेभीएन लिमिटेडले ९ रुपैयाँ प्रस्ताव गरेका थिए । सबैभन्दा कम दर प्रस्ताव गरेको एनटीपीसी ट्रेडिङ कर्पोरेसनलाई प्राधिकरण सञ्चालक समितिको निर्णयअनुसार असोज १६ गते आशयपत्र जारी गरिएको थियो । असोज २९ गते विद्युत् खरिद सम्झौताका लागि बोलाइएकामा कम्पनीले भोलिपल्ट पत्र पठाउँदै प्रस्तावित दरमा सम्झौता गर्न नसक्ने जनाएको थियो । कम्पनीले भूराजनीतिक अनिश्चितता, कोइला तथा अन्य इन्धनको मूल्यवृद्धि, विश्वव्यापी मौसम परिवर्तन, एल निनो प्रभाव र भारतभित्रै विद्युत्को माग बढेको कारण देखाउँदै पुरानो दर पुनरावलोकन गर्नुपर्ने जनाएको थियो ।

यसैबीच, भारतीय विद्युत् बजारको डे अहेड मार्केटमा गत असोजको औसत बजार समायोजन मूल्य प्रतियुनिट नेपाली रु ११ रुपैयाँ ७४ पैसा अर्थात् भारतीय भारु ७ रुपैयाँ ३४ पैसा पुगेको थियो । बजार मूल्य बढेकाले यसअघि प्रस्तावित दरमा सम्झौता हुन नसकेको प्राधिकरणको भनाइ छ ।

पुरानो प्रस्तावमा सम्झौता हुन नसकेपछि प्राधिकरणले नयाँ प्रतिस्पर्धात्मक प्रक्रिया अघि बढाउन लागेको हो । अन्तरराष्ट्रिय बोलपत्रमार्फत भारतीय विद्युत् व्यापारिक कम्पनीबाट प्रस्ताव माग गरी प्रतिस्पर्धी दरमा विद्युत् खरिद गर्ने प्राधिकरणको योजना छ ।

चालु आवको तीन महिनाः मुद्रास्फीति ६.३७ प्रतिशत

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो तीन महिनामा वार्षिक विन्दुगत उपभोक्ता मूल्यवृद्धि (मुद्रास्फीति) छ दशमलव ३७ प्रतिशत रहेको छ ।

नेपाल राष्ट्र बैंकले विहीबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार गत असोज मसान्तसम्ममा विदेशी मुद्रा सञ्चिति रु ४१ खर्ब १४ अर्ब पुगेको छ । अमेरिकी डलरमा यस्तो सञ्चिति २७ अर्ब ३९ करोड डलर रहेको छ । उक्त सञ्चितिले १७ दशमलव दुई महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने राष्ट्र बैंकले जनाएको छ ।

प्रतिवेदनअनुसार समीक्षा अवधिमा चालु खाता रु दुई खर्ब ७९ अर्ब ११ करोड र शोधनान्तर स्थिति रु तीन खर्ब तीन अर्ब ७९ करोड बचतमा रहेको छ । यस अवधिमा विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा २७.२ प्रतिशत र अमेरिकी डलरमा १६.७ प्रतिशतले वृद्धि भएको छ । चालु आर्थिक वर्षको असोज महिनामा मात्रै विप्रेषण आप्रवाह रु दुई खर्ब ६७ अर्ब ३४ करोड रहेको छ । त्यस्तै, समीक्षा अवधिमा निर्यात ५७ प्रतिशत र आयात ३८.२ प्रतिशतले बढेको छ । नेपाल सरकारको कुल खर्च रु तीन खर्ब ९६ अर्ब २७ करोड रहेको छ भने राजस्व परिचालन रु दुई खर्ब ९८ अर्ब ६१ करोड रहेको प्रतिवेदनमा उल्लेख छ । त्यस्तै, विस्तृत मुद्राप्रदाय चार दशमलव चार प्रतिशतले बढेको छ । वार्षिक विन्दुगत आधारमा यस्तो मुद्राप्रदाय १४ दशमलव ८ प्रतिशतले वृद्धि भएको छ । प्रतिवेदनअनुसार बैंक तथा वित्तीय संस्थाको निक्षेप परिचालन दुई दशमलव आठ प्रतिशतले र निजी क्षेत्रमा प्रवाहित कर्जा तीन दशमलव एक प्रतिशतले बढेको छ । वार्षिक विन्दुगत आधारमा निक्षेपको वृद्धिदर १३ दशमलव सात प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जाको वृद्धिदर आठ दशमलव तीन प्रतिशत रहेको छ ।

बैंक तथा वित्तीय संस्था बीचको भारित औसत अन्तरबैंक दर दुई दशमलव ७५ प्रतिशत रहेको छ भने ९१ दिने अवधिको ट्रेजरी बिलको भारित औसत ब्याजदर एक दशमलव ०१ प्रतिशत रहेको छ । त्यसैगरी, वाणिज्य बैंकहरूको निक्षेपको भारित औसत ब्याजदर तीन दशमलव ०७ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर छ दशमलव ३१ प्रतिशत रहेको राष्ट्र बैंकले जनाएको छ ।

प्रधानमन्त्री राहत कोषमा एक करोड ५ लाख सहयोग

काठमाडौं । सूचना तथा सञ्चार मन्त्रालय अन्तर्गत रहेको सुरक्षण मुद्रण केन्द्रले बाढीबाट प्रभावित नागरिकको राहत तथा पुनः स्थापनाका लागि प्रधानमन्त्री राहत कोषमा रु एक करोड पाँच लाख सहयोग गरेको छ ।

केन्द्रका कार्यकारी निर्देशक देवराज ढुङ्गानाले बिहीबार उक्त रकम बराबरको चेक अर्थमन्त्री डा स्वर्णिम वाग्लेलाई हस्तान्तरण गर्नुभयो ।

चेक हस्तान्तरण का अवसरमा सूचना तथा सञ्चार मन्त्री डा विक्रम तिमिल्सिना, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतम, सञ्चार सचिव राजेन्द्र पौडेल, अर्थ मन्त्रालयका सहसचिव हरू लगायत को उपस्थिति थियो । केन्द्रले उक्त सहयोग आफ्नै आम्दानीबाट जुटाएको जनाएको छ । बाढीबाट प्रभावित परिवारको राहत तथा पुनःस्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले रकम उपलब्ध गराइएको केन्द्रले जनाएको छ ।

केन्द्रले पछिल्लो एक वर्षमा संस्थागत तथा आर्थिक सुधार गर्दै सवारी चालक अनुमतिपत्र र हुलाक टिकट छपाइलगायतका काममार्फत आफ्नो क्षमता विस्तार गरेको जनाएको छ । केन्द्रका अनुसार लामो समयदेखि बाँकी रहेको सवारी चालक अनुमतिपत्रको २७ लाख थान छपाइ छ महिनाभित्र सम्पन्न गरी यातायात व्यवस्था विभाग लाई हस्तान्तरण गरिएको छ ।

यसअघि सवारी चालक अनुमतिपत्र छपाइका लागि विदेशी मुद्रामा ठूलो रकम खर्च गर्नुपर्ने अवस्था रहेकामा अहिले स्वदेशमै छपाइ हुन थालेपछि विदेशी मुद्रा बचत हुनाका साथै सुरक्षण मुद्रण क्षेत्रमा नेपालको क्षमता विकास भएको केन्द्रको भनाइ छ ।

केन्द्रका कार्यकारी निर्देशक ढुङ्गानाका अनुसार आगामी दिनमा राष्ट्रिय परिचयपत्र, अन्तःशुल्क टिकट, नागरिकता प्रमाणपत्र लगायतका उच्च सुरक्षणयुक्त कागजात पनि स्वदेशमै छपाइ गर्ने तयारी भइरहेको छ । अन्तःशुल्क टिकट छपाइका लागि आन्तरिक राजस्व विभागसँग आवश्यक कार्यढाँचा निर्माणको काम भइरहेको उहाँले जानकारी दिनुभयो । राज्यका संवेदनशील कागजात स्वदेशमै छपाइ गर्दा तथ्याङ्क सुरक्षा र राष्ट्रिय सार्वभौमिकता सुदृढ हुनाका साथै विदेशी आपूर्तिकर्तामाथिको निर्भरता घट्ने ढुङ्गानाको भनाइ छ । सो अवसरमा अर्थमन्त्री वाग्ले र सञ्चारमन्त्री तिमिल्सिनाले केन्द्रको क्षमता विस्तार तथा आवश्यक पूर्वाधार विकासका लागि सरकारले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सम्पादकीय ....

प्रधानमन्त्रीको भारत भ्रमणबाट नेपालको अपेक्षा

नेपाल र भारतबीच ऐतिहासिक, धार्मिक, सांस्कृतिक, सामाजिक तथा आर्थिक सम्बन्ध रहँदै आएको छ। दुई देशबीच खुला सीमा, पारिवारिक सम्बन्ध र व्यापारिक कारोबारले पनि आपसी सम्बन्धलाई थप नजिक बनाएको छ। यस्तो अवस्थामा नेपालको विकास र समृद्धिका लागि भारतसँगको सम्बन्धलाई सन्तुलित, विश्वासिलो र परिणाममुखी बनाउनु आवश्यक छ। यही सन्दर्भमा प्रधानमन्त्री बालेन्द्र शाहको आगामी नोभेम्बर २२ र २३ मा हुने भारत भ्रमणलाई निकै महत्वका साथ हेरिएको छ।

प्रधानमन्त्रीका रूपमा पहिलोपटक भारत भ्रमणमा जान लागेका शाहसँग नेपाली जनताका धेरै अपेक्षा छन्। यो भ्रमण केवल औपचारिक भेटघाट र स्वागत सत्कारमा सीमित हुनु हुँदैन । नेपालको राष्ट्रिय हित, आर्थिक विकास र वर्षौंदेखि समाधान हुन नसकेका समस्यालाई प्राथमिकताका साथ उठाउने अवसरका रूपमा भ्रमणलाई उपयोग गर्न सक्नुपर्छ।

नेपालले अहिले विभिन्न प्राकृतिक विपत्तिका कारण ठूलो क्षति बेहोर्नुपरेको छ। विशेषगरी भोटेकोशी, रसुवा तथा आसपासका क्षेत्रमा आएको बाढीपहिरोले सडक, पुल, जलविद्युत् आयोजना तथा अन्य भौतिक संरचनामा ठूलो क्षति पुऱ्याएको छ। क्षतिग्रस्त संरचनाको पुनर्निर्माण र प्रभावित नागरिकको पुनः स्थापनाका लागि भारतसँग आर्थिक तथा प्राविधिक सहयोगको अपेक्षा गरिएको छ। यसका लागि नेपालले करिब दुई अर्ब अमेरिकी डलर बराबरको सहयोग प्रस्ताव गरेको विषय पनि चर्चामा छ। भ्रमणबाट यस विषयमा सकारात्मक उपलब्धि हासिल हुन सके प्रभावित क्षेत्रको पुनर्निर्माणमा ठूलो सहयोग पुग्नेछ।

नेपालको अर्को महत्वपूर्ण अपेक्षा हवाई मार्गसँग सम्बन्धित छ। अन्तर्राष्ट्रिय उडानका लागि थप हवाई प्रवेशमार्ग उपलब्ध गराउन भारतसँग भइरहेको पहललाई सार्थक बनाउनु आवश्यक छ। विशेषगरी भैरहवा र महेन्द्रनगर क्षेत्रबाट हवाई प्रवेशमार्ग उपलब्ध भए नेपालको पर्यटन प्रवर्द्धन र अन्तर्राष्ट्रिय हवाई सम्पर्क विस्तारमा सहयोग पुग्न सक्छ।

कालापानी, लिपुलेक, लिम्पियाधुरा तथा सुस्ता लगायतका सीमा समस्यालाई पनि कूटनीतिक माध्यमबाट समाधान गर्ने वातावरण बनाउनुपर्छ। दुई देशबीचको मित्रता बलियो बनाउन एकअर्काको सार्वभौमिकता र भौगोलिक अखण्डताको सम्मान अनिवार्य छ। सीमा विवादलाई सधैँ थाती राखेर मित्रता बलियो हुन सक्दैन।

भारतसँग नेपालको व्यापार घाटा पनि ठूलो चुनौतीका रूपमा रहेको छ। नेपालबाट उत्पादित कृषि उपज, जडीबुटी तथा अन्य वस्तुलाई भारतीय बजारमा सहज पहुँच दिलाउने वातावरण बनाउन सके स्वदेशी उत्पादन र रोजगारी प्रवर्द्धनमा सहयोग पुग्नेछ। प्रधानमन्त्रीको भारत भ्रमणलाई सरकारले उपलब्धि देखाउने अवसरका रूपमा मात्र लिनु हुँदैन। राष्ट्रिय स्वाभिमान कायम राख्दै समानता, आपसी सम्मान र पारस्परिक हितका आधारमा सम्बन्ध अघि बढाउनुपर्छ। विगतमा भएका सहमति कार्यान्वयन नहुँदा नागरिकमा निराशा बढेको छ। त्यसैले नयाँ सम्झौता गर्नुभन्दा पुराना सहमति कार्यान्वयनमा पनि विशेष जोड दिनुपर्छ।

पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ –३, धादिङबेसी,
फोन ०१०-५२१४३०,९८५११२०८५०
Email : pratyushdainik@gmail.com

प्रधानमन्त्रीको भारत भ्रमणका एजेण्डा

नेपालका लागि भारतीय पूर्व राजदूत रणजीत रायले प्रधानमन्त्री वालेन्द्र शाहको आसन्न भारत भ्रमणले दुई देशका प्रधानमन्त्रीबीच सार्थक र प्रत्यक्ष भेटवार्ता गर्ने पहिलो अवसर प्रदान गर्ने धारणा राख्नुहुन्छ। उहाँ भन्नुहुन्छ, "उक्त भेटवार्तालि पुनः सशक्त र गतिशील साझेदारीको परिकल्पना तय गर्न तथा त्यसलाई अघि बढाउने दिशा पनि निर्धारण गर्न मद्दत गर्नेछ।" उहाँले हालैमात्र एक भारतीय मिडियामार्फत सो धारणा राख्नुभएको हो।

यसैगरी, नेपालका लागि अर्का पूर्वभारतीय राजदूत नवीन श्रीवास्तवले पनि यो भ्रमण निकै महत्वको रहने धारणा राख्नुहुन्छ। "यो भ्रमणले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र प्रधानमन्त्री वालेन्द्र शाहबीच प्रत्यक्ष संवादको पहिलो अवसर जुटाउनुका साथै दुई देशबीचको सम्बन्ध सुदृढ पार्ने महत्वपूर्ण मौका प्रदान गर्नेछ", उहाँको धारणा छ।

राजदूत श्रीवास्तावले भारतीय मिडियामा आफ्ना धारणा राख्नुहुन्छ, "शाह नेतृत्वको सरकारका लागि आर्थिक वृद्धि र रोजगारी सिर्जना चुनौती बनेका छन् भने गत अगस्टको बाढी पहिरोजस्ता प्राकृतिक विपद्ले थप जटिलता थपेका छन्। भारतले सुरुआतदेखि नै नयाँ सरकारसँग संवाद बढाएको छ। शाहको 'विकास कूटनीति' र भारतको 'छिमेकी पहिलो नीति' अनुरूप दुवै अर्थतन्त्रलाई जोड्ने नयाँ दृष्टिकोण आवश्यक छ।

नेपालमा १० वर्षमा १० हजार मेगावाट विद्युत् निर्यातको लक्ष्यअनुरूप हाल वर्षायाममा करिब एक हजार २०० मेगावाट बिजुली भारत निर्यात भइरहेको र अरुण तेस्रोलगायतका आयोजना निर्माणाधीन रहेका पनि उहाँले स्मरण गराउनुहुन्छ । उहाँ नेपाली स्टार्टअपलाई भारतको 'स्टार्टअप इकोसिस्टम'सँग जोड्ने र नेपालमा आइआइटी क्याम्पस स्थापना गर्ने दिशामा सहकार्य विस्तार गर्नुपर्ने सुझाव दिनुहुन्छ । उहाँहरु दुवैको ठहर छ-प्रधानमन्त्री शाहको आसन्न भारत भ्रमण निकै महत्वपूर्ण हुनेछ। प्रधानमन्त्री शाह आगामी साता भारतको राजकीय भ्रमणमा जाँदै हुनुहुन्छ । प्रधानमन्त्रीमा नियुक्त भएपछिको यो पहिलो भारत भ्रमणको यतिखेर नेपाल र भारतमा नै चर्चा सुरु भएको छ र चर्चामा छन् एजेण्डा। यो भ्रमण नेपालको कूटनीतिक, आर्थिक तथा रणनीतिक दृष्टिकोणले महत्वपूर्ण अवसर हो।

नेपाल र भारतबीचको ऐतिहासिक, सांस्कृतिक, व्यापारिक तथा भौगोलिक सम्बन्धलाई थप सुदृढ बनाउनुका साथै छिमेकी देशका नाताले दुई देशबीच समय समयमा देखापर्ने कतिपय समस्या समाधानका लागि उच्च तहमा संवाद र समझदारी पनि निर्माण गर्ने अवसर प्राप्त हुनेछ।

यस भ्रमणबाट नेपालले बाढीपहिरोबाट क्षतिग्रस्त पूर्वाधारको पुनर्निर्माणका लागि आर्थिक सहयोग, भैरहवा तथा पोखरा अन्तराष्ट्रिय विमान स्थलको प्रभावकारी सञ्चालनका लागि थप हवाई रुट, जलविद्युत् विकास, ऊर्जा व्यापार, सडक तथा रेलमार्ग विस्तार र पेट्रोलियम पाइपलाइन निर्माणमा ठोस उपलब्धि हासिल गर्नसक्ने अपेक्षा गरिएको छ।

यसका साथै नेपाल भारत सीमा विवाद, व्यापार घाटा तथा पारवहनका समस्यालाई नेपालको राष्ट्रिय हितअनुसार समाधान गर्न भारतसँग कूटनीतिक पहल गर्ने अवसर पनि यस भ्रमणले प्रदान गर्नेछ।

भारत नेपालको प्रमुख व्यापारिक तथा विकास साझेदार भएकाले यो भ्रमणलाई केवल औपचारिक भेटघाटमा मात्र सीमित नराखी रोजगारी सिर्जना, पर्यटन प्रवर्द्धन, लगानी आकर्षण, पूर्वाधार विकास र आर्थिक समृद्धिको आधार बनाउन सकिने आधारहरु पनि पहिल्याउन भ्रमण फलदायी हुने अपेक्षा गर्न सकिन्छ । गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थललाई लक्षित गरेर निजी क्षेत्रले मात्र त्यहाँ ६० अर्बभन्दा बढीको लगानी गरिसकेको छ। होटलमा मात्र रु ३० अर्ब लगानी थपिएको निजी क्षेत्रको तथ्याङ्क छ। विमानस्थलकै आशले सेवा तथा पर्यटन क्षेत्रका धेरै संरचना पनि बने । लुम्बिनी क्षेत्रमा मात्र दैनिक २० हजार जनाको चहलपहल हुने आँकलन सो विमानस्थल बनाउने ताकाका विश्लेषण थिए । तर अहिले सोचेजस्तो विमानस्थल सञ्चालनमा आउन सकेन। यसले निराशा मात्र थपिदिएको छ। यतिका धेरै लगानी डुब्ने त्रास बढ्दो छ। यहाँ विदेशी जहाज नउडेकाले भारतसँग रुट अनुमतिका लागि नागरिकको आग्रह छ।

यसअघिका प्रधानमन्त्रीहरु भारत जाँदा पनि प्राथमिक एजेण्डामा यो पनि थियो। लुम्बिनी क्षेत्रमा लगानी गरेको निजी क्षेत्रमात्र होइन कि काठमाडौँबाहेकको अर्को अन्तरराष्ट्रिय विमानस्थलको पर्खाइमा बसेका आमनेपाली नागरिकको चासो यो विमानस्थलमा छ। त्यसैले धेरैले हवाई रुट प्राप्त गर्ने विषयमा नेपाली पक्षले प्राथमिकताका साथ प्रस्ताव गर्नुपर्ने सुझाएका छन् । उता पोखरा विमानस्थललाई पनि पूर्ण क्षमतामा सञ्चालनमा ल्याउन नसकिएकाले यो एजेण्डा हाम्रो पहिलो प्राथमिकता मा रहनुपर्दछ।

भ्रमणका क्रममा दुई देशबीच 'कनेक्टिभिटी' विस्तार, विकास सहायता, पर्यटन प्रवर्द्धन तथा जनस्तरको सम्बन्ध थप सुदृढ बनाउनेलगायत विषयमा छलफल हुने त छँदैछ । थप हवाई रुटका अतिरिक्त हवाई कनेक्टिभिटी विस्तार, रेलवे तथा सडक सञ्जाल विस्तार र ऊर्जा क्षेत्रको पूर्वाधार विकास पनि नेपालका लागि महत्वपूर्ण एजेण्डा हुन् । रेलवे कनेक्टिभिटीअन्तर्गत जनकपुर-अयोध्या रेलवेको शुभारम्भ, जयनगर-जनकपुर रेलसेवालाई बर्दिवाससम्म विस्तार, रक्सौल-काठमाडौँ रेलमार्गको सम्भावना तथा अन्य रेलवे सम्पर्क विस्तारका विषयमा यो भ्रमणमा सहमतिको अपेक्षा छ। नेपाल र भारत सदियौँ पुराना मित्र हुन् । त्यसैले यो भ्रमणले कुनै लेनदेन, व्यापार या सम्झौता भन्दा माथि उठेर छिमेकीपन र खुला सीमासहितको खुला सम्बन्ध विस्तारलाई महत्व दिनु अर्को आवश्यकता हो। यसैबाट सम्बन्धको मापन गर्नुपर्दछ र द्विपक्षीय हितलाई अग्रसूचीमा राख्नुपर्दछ।

यस आधारमा सम्बन्धको बहुआयामिकताको मापन गर्नु दुवैतर्फको हितमा हुन्छ । खुला सिमाना हुनुको धेरैमध्येको एउटा अर्थ हाम्रा द्विपक्षीय सम्बन्धका आयाम र आयतन पनि खुलापनमै आधारित हुनुपर्छ भन्ने हो । खुला सिमानासँगै हृदय पनि खुला नै हुनुपर्छ भन्ने हो । खुला हृदयबाट नै एकले अर्काका अप्ठ्यारा बुझ्न र मापन गर्न पनि सकिन्छ, सक्नुपर्छ। ती समस्याको उच्चतम बुझाई र समझदारी निर्माणको काम गर्ने एउटा अवसर दुवै देशका तर्फबाट हुने उच्चस्तरीय भ्रमण पनि हो।

त्यस्तो समझदारी र आपसी हितको कामना यसपटक र हरेकपटक हुने यस्ता उच्चस्तरीय भ्रमणका बखत गरिएको हुन्छ । यी उच्चस्तरीय भ्रमणलाई आपसी अप्ठ्याराहरूको गाँठो फुकाएर समझदारीको निर्माण गर्नमा केन्द्रित गर्नुपर्दछ।

यसका लागि हामीले पनि दुई ठूला छिमेकका समृद्धिबाट लाभ लिनसक्ने कूटनीति क कौशलताका साथ यो सम्बन्ध अघि बढ्नुपर्छ। हाम्रा आवश्यकता छिमेकीलाई सुनाउने अथवा मुलुकको राष्ट्रिय हितलाई उनीहरूसँग राख्ने शैलीले कूटनीतिक क्षमता मात्र प्रदर्शन गर्दैन, उनीहरुमा छिमेकपनको दायित्वबोध पनि गराउन सक्दछ। हामीले अब आर्थिक रूपमा समृद्ध दुई ठूला छिमेकीबाट लाभ लिनसक्ने कूटनीतिक क्षमतायुक्त देशको नीति अख्तियार गर्नुपर्छ। सो क्रममा आपसी विश्वास को वातावरण निर्माण गर्ने काममा हाम्रो कूटनीतिक कौशल केन्द्रित हुनुपर्दछ । उच्चस्तरीय भ्रमणको समय आयो कि अनगिन्ती एजेण्डा थुपारेर बोझ बनाउने र नेपालले के पाउँछ भन्ने मात्र सोच पनि राख्नुहुँदैन।



एकराज पाठक

छिमेकी र सदियौँ पुरानो सम्बन्धका कारण हाम्रा एजेण्डा त कैयौँ हुन्छन् तर त्यसभित्र अहिलेको हाम्रो प्राथमिकतालाई माथि राख्नुपर्दछ। हिजो हाम्रो आवश्यकता भारतसँग बिजुली व्यापार थियो भने आज हवाई रुट अत्यावश्यक बनेको छ।

हालका लागि यसैलाई सहजीकरण गर्न आपसी समझदारी निर्माण गर्ने अवसरका रूपमा भ्रमणलाई लिनुपर्दछ। हाम्रा हिजोका प्रतिबद्धता र तिनको कार्यान्वयन एवं छिमेकका नाताले अनेक सम्बन्ध र बन्द व्यापारका खाँचोहरु त भई नै रहन्छन्।

नेपालको परिस्थिति र परिवेश फेरिएको छ र धेरै क्षेत्रमा परिवर्तन पनि देखिँदैछ।

त्यसैले प्रधानमन्त्रीको यो भ्रमण पनि नयाँ र खास महत्वको हुनु जरुरी छ।

यस हिसाबले पनि यो उच्चस्तरीय भ्रमण दुई प्रधानमन्त्री बीचको भेटवार्तामा मात्र सीमित हुने छैन भन्ने आम नेपालीको अपेक्षा छ । जेनजी आन्दोलनपछिको नयाँ राजनीतिक परिस्थितिमा बनेको सरकारको विदेश नीतिको दिशा, नेपालको राष्ट्रिय स्वार्थप्रतिको प्रतिबद्धता र भारतसँगको सम्बन्धलाई नयाँ आधार र आयाममा परिभाषित गर्ने अवसर यो भ्रमणसँग सुरक्षित छ।

त्यसैले सोहीबमोजिमको तयारी र प्रस्तुति हुनु आवश्यक छ। यसका लागि हाम्रो कूटनीतिक क्षमता र अग्रसरता बढी महत्वपूर्ण हुनेछन्।

समाजलाई भष्ट्रचार मुक्त बनाऔँ

- इमानदारिता, नैतिकता र सदाचारयुक्त संस्कृतिको विकास गरौं,
- सार्वजनिक पद र अधिकारलाई व्यक्तिगत लाभका लागि प्रयोग नगरौं,
- सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र मितव्ययिता कायम गरौं,
- भ्रष्टाचार सम्बन्धी सूचना वा प्रमाण प्राप्त भएमा सम्बन्धित निकायमा जानकारी गराऔं।



नेपाल सरकार,
विज्ञापन बोर्ड

विपद्को पूर्वसूचना दिने सेल ब्रोडकास्टिङ प्रणाली परीक्षण गरिँदै

काठमाडौँ । विपद्का समयमा नागरिकलाई मोबाइल फोनमार्फत तत्काल पूर्वसूचना उपलब्ध गराउने उद्देश्यले 'सेल ब्रोडकास्टिङ प्रणाली' (सिबीएस)को परीक्षण गरिने भएको छ ।

सूचना तथा सञ्चार मन्त्रालय, गृह मन्त्रालय, नेपाल दूरसञ्चार प्राधिकरण, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र नेपाल टेलिकमको समन्वयमा मङ्सिर ४ गते काठमाडौँको बलम्बु क्षेत्रमा उक्त प्रणालीको सीमित प्राविधिक परीक्षण गर्न लागिएको दूरसञ्चार प्राधिकरण का प्रवक्ता मीनप्रसाद अर्यालले जानकारी दिनुभयो ।

सो अवसरमा परीक्षणका क्रममा तोकिएको क्षेत्रमा रहेका परीक्षण उपकरणहरूमा मोबाइल नेटवर्कमार्फत पूर्वसूचना सन्देश पठाइनेछ। उक्त सन्देश परीक्षणका लागि तोकिएका विभिन्न मोबाइल उपकरणमा मात्र प्राप्त हुने जनाइएको छ ।

यस परीक्षणको मुख्य उद्देश्य विपद्का समयमा मोबाइल फोनमार्फत पूर्वसूचना सन्देश प्रवाह गर्ने प्रणालीको प्राविधिक कार्यक्षमता तथा सन्देश प्राप्त हुने अवस्थाको परीक्षण गर्नु रहेको छ ।

सेल ब्रोडकास्टिङ प्रणाली निश्चित भौगोलिक क्षेत्रभित्र रहेका मोबाइल फोनमा एकैपटक आपत्कालीन सूचना तथा चेतावनी सन्देश पठाउन सकिने प्रविधि हो । यस प्रणालीमार्फत सिमकार्ड वा इन्टरनेट सेवा नभए पनि मोबाइल नेटवर्कको पहुँचमा रहेका उपकरण मा सन्देश प्राप्त हुनसक्छ। सामान्य म्यासेजभन्दा फरक यस प्रविधिले नेटवर्कमा अत्यधिक चाप भएका अवस्थामा समेत छोटो समयमा धेरै मोबाइल उपकरणमा सूचना पुऱ्याउन सक्छ । साथै, विपद्को जोखिम रहेको निश्चित क्षेत्रमा मात्र सन्देश पठाउन सकिने भएकाले आवश्यकताअनुसार लक्षित समुदाय लाई सचेत गराउन सकिनेछ । प्रारम्भिक परीक्षण सफल भएमा उक्त प्रणालीलाई चरणबद्ध रूपमा विस्तार गर्दै विपद्को उच्च जोखिम रहेका क्षेत्रहरूमा कार्यान्वयन गर्ने योजना रहेको छ । यस प्रणालीको कार्यान्वयनले बाढी, पहिरोलगायत प्राकृतिक विपद्को जोखिम रहेका क्षेत्रका नागरिकलाई समयमै सचेत गराउन तथा सम्भावित जोखिमबाट जोगिन आवश्यक पूर्वतयारी र सुरक्षात्मक उपाय अपनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

नेपालमा विपद् पूर्वसूचना प्रणालीलाई थप प्रभावकारी बनाउने तथा दूरसञ्चार प्रविधिको उपयोग मार्फत नागरिकको सुरक्षा सुनिश्चित गर्ने दिशामा यो परीक्षणलाई महत्वपूर्ण कदमका रूपमा समेत लिइएको बताइएको छ ।

पूर्वमुख्यसचिव विरुद्ध पक्राउ पुर्जी

काठमाडौँ । पूर्वमुख्यसचिव एकनारायण अर्यालविरुद्ध पक्राउ पुर्जी जारी भएको छ ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) को प्रतिवेदनका आधारमा जिल्ला अदालत काठमाडौँद्वारा मलेसियामा वैदेशिक रोजगारीमा जाने श्रमिक माथि भएको ठगी प्रकरणमा अर्यालविरुद्ध पक्राउ पुर्जी जारी भएको सिआइबीका प्रमुख एवं प्रहरी अतिरिक्त महानिरीक्षक उमाप्रसाद चतुर्वेदीले सांचारकर्मीलाई जानकारी दिनुभयो। यसै प्रकरणमा सिआइबीले बुधबार तत्कालीन दुई मन्त्रीसहित छ जना उच्चपदस्थ सरकारी अधिकारीलाई पक्राउ गरेको थियो । पक्राउ पर्नेमा तत्कालीन श्रममन्त्रीद्वय शेरबहादुर कुँवर र रामेश्वरराय यादव, तत्कालीन सचिव विनोद केसी, सहसचिव राजीव पोखरेल र उमेश ढुङ्गाना तथा उपसचिव निर्मला गुरुङ छन् ।

मलेसिया जाने नेपाली श्रमिकसँग जोडिएको आर्थिक अनियमितता र विदेशी मुद्रा अपचलनसम्बन्धी प्रकरणमा थप अनुसन्धान भइरहेको सिआइबीले जनाएको छ । यसअघि पनि यस प्रकरणमा व्यवसायी कैलाश खड्कासहित चार जना पक्राउ परेका छन् ।

ध्वनि प्रदूषण फैलाउने एक हजारभन्दा बढी मोटरसाइकल कारबाहीमा

झापा । सडकमा चर्को आवाज निकाल्दै ध्वनि प्रदूषण गराउने तथा सवारीसाधनको स्वरूप परिवर्तन गरी चलाइएका एक हजार बढी मोटरसाइकललाई नियन्त्रणमा लिई कारबाही गरिएको प्रहरीले जनाएको छ ।

गत आर्थिक वर्षदेखि चालु आर्थिक वर्षको हालसम्म एक हजार ६३ वटा सवारीसाधनलाई कारबाही गरेको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रमुख प्रहरी निरीक्षक सन्तोष राईले जानकारी दिनुभयो । सवारीसाधनको स्वरूप परिवर्तन गरी ठूलो आवाज निकाल्ने, साइलेन्सर जडान गर्ने र सर्वसाधारण लाई असहज हुने गरी मोटरसाइकल चलाउने प्रवृत्ति बढेपछि ट्राफिक प्रहरीले सवारी साधनलाई नियन्त्रणा मा लिएर कारबाही गर्न थालेको हो । प्रहरीले अवैध रूपमा जडान गरिएका साइलेन्सर पाइपसमेत जफत गरेको जनाएको छ। ट्राफिक नियम उल्लङ्घन गर्ने कसैलाई पनि छुट दिइँदैन ।"

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ३९ मा अधिकारप्राप्त अधिकारीको स्वीकृति बिना सवारीसाधनको रङ, सिट सङ्ख्या, स्वरूप, इन्जिन वा चेसिसमा परिवर्तन हुने गरी हेरफेर गर्न नपाइने व्यवस्था छ । नियमविपरीत काम गर्नेलाई रु एक हजारदेखि ५०० सम्म जरिवाना गर्न सकिने व्यवस्था कानुनमा रहेको उहाँले बताउनुभयो ।

लुम्बिनीका १० जिल्ला कुष्ठरोगको जोखिममा

बाँके। लुम्बिनी प्रदेशका १० जिल्ला कुष्ठरोगको जोखिममा रहेको पाइएको छ । मधेस प्रदेशपछि लुम्बिनी कुष्ठरोगको दोस्रो उच्च जोखिममा रहेको प्रदेश भएको आइएनएफ नेपालका मेडिकल सर्भिसेज निर्देशक डा अरुणकुमार बुढाले बताउनुभयो । उहाँका अनुसार रूपन्देही, कपिलवस्तु, पश्चिम नवलपरासीलगायत जिल्ला कुष्ठरोगको जोखिममा छन् ।

सो अवसरमा नेपालमा कुष्ठरोग देखिएका १८ जिल्लामध्ये १० जिल्ला बाँकेको साइनिङ अस्पताल को सेवाक्षेत्रभित्र पर्छन् । लुम्बिनी प्रदेशमा बालबालिकामा समेत कुष्ठरोगको सङ्क्रमण देखिएको र त्यसको सङ्ख्या उच्च रहेको उहाँले बताउनुभयो । कुष्ठरोगको पहिचानमा ढिलाइ हुनुमा गरिबी, स्वास्थ्य सेवामा पहुँचको अभाव, सामाजिक भेदभाव र लाञ्छना प्रमुख कारण रहेको डा बुढाको भनाइ छ। बाँकेको जानकी गाउँपालिका-मानपुरस्थित साइनिङ अस्पताललाई लुम्बिनी प्रदेशसहित पश्चिम नेपालकै कुष्ठरोग तथा उष्ण उपेक्षित रोगसम्बन्धी सेवाको क्षेत्रीय केन्द्रका रूपमा विकास गर्ने योजना अघि बढाइएको छ । हाल क्षेत्रीय प्रेषण केन्द्रका रूपमा सञ्चालन भइरहेको अस्पताललाई कर्णाली, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका बिरामीको उपचार केन्द्र बनाउने लक्ष्य रहेको उहाँले बताउनुभयो । यो योजना नेपाल सरकारको शून्य कुष्ठरोग रणनीति सँग सम्बन्धित रहेको उहाँको भनाइ छ । नेपाल सरकारको प्रतिवेदन अनुसार आर्थिक वर्ष २०८०/८१ र २०८१/८२ मा करिब दुई हजार ५०० नयाँ कुष्ठरोगी पहिचान भएका छन् । तीमध्ये करिब २५ प्रतिशत लुम्बिनी प्रदेशका रहेको आइएनएफ नेपाल, साइनिङ अस्पताल बाँकेले जनाएको छ ।

कुष्ठरोगको जोखिममा रहेका बिरामीलाई लक्षित गरी अस्पतालको सेवा विस्तार गर्न लागिएको हो । करिब दुई करोड ३५ लाख रूपैयाँको लागतमा अस्पतालको अन्तरङ्ग सेवाका लागि भवन निर्माण भइरहेको छ। पाँचवटा वार्डमा २५ जना बिरामी राख्न सकिने भवनमा ह्विलचेयरमैत्री शौचालय, नर्सिङ स्टेसन, उपचार कक्ष र औषधि भण्डारण कक्ष लगायत सुविधा रहनेछन्। हालसम्म आइएनएफका पोखरास्थित हरियो खर्क अस्पताल, सुर्खेतस्थित साइनिङ अस्पताल र बाँकेको साइनिङ अस्पतालबाट छ हजार ७९ जनाले निःशुल्क उपचार सेवा लिएका छन्। अस्पताललाई निरन्तर सञ्चालन गर्न छाला रोग विशेषज्ञ, थेरापिस्ट, कृत्रिम अङ्ग तथा जुत्ता प्रविधिसम्बन्धी जनशक्ति र दक्ष कर्मचारी आवश्यक रहेको डा बुढाले बताउनुभयो। अपाङ्गता पुनःस्थापना पनि चुनौतीपूर्ण रहेको उल्लेख गर्दै उहाँले नसर्ने रोगका कारण हुने अपाङ्गताको व्यवस्थापनसमेत चुनौतीका रूपमा रहेको बताउनुभयो । अस्पतालको सेवा विस्तार र सञ्चालनका लागि लुम्बिनी प्रदेश सरकारको सहकार्य आवश्यक रहेको उहाँको भनाइ छ। कार्यकारी प्रमुख रिचर्ड रिभले नेपालमा कुष्ठरोग नियन्त्रणका लागि ठूलो धनराशि खर्च भइरहेको र त्यसबाट आशातीत उपलब्धि हासिल भएको बताउनुभयो । लुम्बिनी प्रदेशका स्वास्थ्यमन्त्री दिपेन्द्रकुमार पुनले प्रदेश सरकार अस्पतालसँग सहकार्य गर्न तत्पर रहेको बताउनुभयो। नेपाल सरकारले सन् २०३० सम्म कुष्ठरोग शून्यमा झार्ने रणनीति लिएको छ ।

भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको उद्घाटन

भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायण मान बिजुक्छें (रोहित) ले खेलाडीले व्यक्तिगत स्वार्थभन्दा माथि उठेर आफ्नो मात्र नभई देश र जनताका लागि खेल्नुपर्ने बताउनुभएको छ।

भक्तपुर नगरपालिकाद्वारा बिहीबारदेखि आयोजित भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता-२०८३ को उद्घाटन गर्दै उहाँले खेलकुद सधैँ राष्ट्रका लागि हो भन्ने भावना खेलाडीले मनमा राख्नुपर्ने बताउनुभयो । बिजुक्छेंले भन्नुभयो, "खेलकुद स्वस्थ शरीर र अनुशासनका लागि मात्र नभई देश र जनताको सेवाका लागि पनि हो । खेलकुदले बाह्य आक्रमणको प्रतिरोध गर्न सक्ने शारीरिक तथा मानसिक क्षमता विकास गर्न सहयोग पुर्याउँछ । देशमा सङ्कट परेको अवस्थामा त्यसको सामना गर्न सधैँ तयार हुनुपर्छ ।" प्रतियोगिता मा टेबलटेनिस, भलिबल, फुटबल, कबड्डी, खो-खो, एथलेटिक्स, बुद्धिचाल, ब्याडमिन्टन, कराँते, उसु, तेक्वान्दो, जिम्न्यास्टिक, पोर्टबल, बाघचाल र कसिमला पाँय गरी १५ विधामा प्रतिस्पर्धा हुने भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले बताउनुभयो ।

प्रतियोगितामा नगर भित्रका ८४ विद्यालयका तीन हजार दुई सयभन्दा बढी विद्यार्थी सहभागी भएको उहाँले जानकारी दिनुभयो ।

सो क्रममा प्रमुख प्रजापति ले खेलकुदलाई नागरिक जीवनको अभिन्न अङ्गका रूपमा विकास गर्न नगरपालिकाले समय-समयमा अन्तर विद्यालय स्तरीय खेलकुद प्रतियोगिता आयोजना गर्दै आएको बताउनुभयो । नगरपालिकाले राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन गर्ने, राष्ट्रिय प्रतियोगिता मा विजयी तथा अन्तरराष्ट्रिय प्रतियो-गितामा सहभागी हुने भक्तपुरका खेलाडीलाई सम्मान गर्ने र उपयुक्त स्थानमा खेलकुद कभर्ड हल निर्माण गर्ने कार्यलाई समेत प्राथमिकता दिएको उहाँले उल्लेख गर्नुभयो ।

उहाँका अनुसार नगर पालिकाले भक्तपुर नगर पालिका-८ लिबालीमा ब्याडमिन्टन कभर्ड हल र वडा नं १० बेखालमा टेबलटेनिस कभर्ड हल निर्माण सम्पन्न गरी खेल प्रशिक्षण समेत सञ्चालन गरिरहेको छ । प्रतियो-गिता को उद्घाटन अघि भक्तपुर नगरपालिका-९ स्थित दत्तात्रयबाट सुरु भएको यार्ली गोल्मढी, सुकुलढोका, टौमढी, नासमना, भार्वाचो र दूधपाटी हुँदै सहिद स्मृति खेलमैदान पुगेर समापन भएको थियो ।

महिला सशक्तीकरणका लागि एनआरएनएको प्रथम विश्व महिला सम्मेलन हुने

काठमाडौँ। गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) ले आगामी पुस २० गते काठमाडौँमा प्रथम गैरआवासीय नेपाली विश्व महिला सम्मेलन आयोजना गर्ने भएको छ ।

सन् २००३ मा स्थापना भएको एनआरएनएको दुई दशक भन्दा लामो इतिहासमा महिला नेतृत्व, उद्यमशीलता तथा आर्थिक सशक्तीकरणलाई केन्द्रमा राखेर विश्वस्तरीय सम्मेलन आयोजना गर्न लागिएको यो पहिलो पटक हो ।

एनआरएनएका महिला उपाध्यक्ष टीका गुरुङले 'महिला सशक्तीकरणको आधार : रोजगारी, उद्यम र व्यापार' भन्ने मूल नाराका साथ नेपाल सरकारसँगको सहकार्य मा सम्मेलन आयोजना गर्न लागिएको जानकारी दिनुभयो ।

"विश्वका ९० देशमा रहेका गैरआवासीय नेपाली महिला तथा स्वदेशका विभिन्न क्षेत्रमा क्रियाशील महिलालाई एउटै मञ्चमा जोडेर अनुभव, ज्ञान र सीप आदानप्रदान गर्ने सम्मेलनको मुख्य उद्देश्य हो", उहाँले भन्नुभयो, "साथै, महिला सशक्तीकरणका क्षेत्रमा विद्यमान नीतिगत, कानुनी तथा व्यावहारिक चुनौती पहिचान गरी समाधानका लागि आवश्यक पहल र कार्यदिशा तय गरिनेछ।" गुरुङका अनुसार सम्मेलनमा महिला सशक्ती करणसँग प्रत्यक्ष सरोकार राख्ने चार प्रमुख विषयगत क्षेत्रमा केन्द्रित रहेर छलफल, कार्यपत्र प्रस्तुति तथा अन्तरक्रिया सञ्चालन गरिनेछ । महिला सशक्तीकरणसँग सम्बन्धित विद्यमान ऐन, निर्देशिका, नीति तथा संस्थागत संरचनाको समीक्षा गरी सुधारका सम्भावित क्षेत्र पहिचान गरिनेछ । विशेषगरी डायस्पोरामा रहेका नेपाली महिलाका अधिकार, अवसर तथा आवश्यक कानुनी सुधारका विषयलाई प्राथमिकता दिइनेछ । त्यसैगरी, वैदेशिक रोजगारीमा जानुअघिको तयारी, गन्तव्य मुलुकमा महिलाको सुरक्षा, अधिकार तथा मानसिक स्वास्थ्य र स्वदेश फर्किएपछि सम्मानजनक पुनः एकीकरणका विषयमा छलफल हुनेछ। यस प्रक्रियामा एनआरएनएको भूमिका र आवश्यक सहकार्यका क्षेत्रसमेत पहिचान गरिने उहाँले बताउनुभयो ।

"स्वदेश तथा विदेशमा रहेका नेपाली महिला उद्यमीबीच व्यावसायिक साझेदारी र सहकार्य विस्तार, वित्तीय स्रोत तथा प्रविधिमा पहुँच अभिवृद्धि र महिला उद्यम शीलताको विकासका विषय पनि सम्मेलनको प्राथमिकतामा रहनेछन्", गुरुङले भन्नुभयो, "नेपाली मौलिक उत्पादनको उत्पादन, प्रवर्द्धन, बजारीकरण तथा अन्तर्राष्ट्रिय निर्यातमा महिलाको सहभागिता विस्तार गर्ने सम्भावनाबारे समेत विमर्श गरिनेछ ।" उहाँका अनुसार रसुवा-भोटेकोशी क्षेत्रमा आएको बाढीलगायत प्राकृतिक विपद् तथा जलवायु परिवर्तनले महिला र बालबालिकामा पारेका प्रभाव, जलवायु न्याय तथा विपद् व्यवस्था पनमा महिलाको भूमिकाबारे पनि छलफल गरिनेछ। लैङ्गिक हिंसा तथा मानव बेचबिखनविरुद्ध महिला र बालबालिकाको सुरक्षा एवं संरक्षणका विषयलाई समेत प्राथमिकता दिइनेछ। महिला सशक्तीकरणबिना राष्ट्रको दिगो तथा समावेशी समृद्धि सम्भव नहुने मान्यताका साथ आयोजना हुन लागेको सम्मेलनले स्वदेश तथा विदेशका विभिन्न क्षेत्रमा सफलता हासिल गरेका नेपाली महिलाका प्रेरणादायी अनुभव र सफलताका कथालाई उजागर गर्ने अपेक्षा गरिएको छ । त्यसैगरी, नेपालका सातै प्रदेश तथा स्थानीय तहमा क्रियाशील महिला उद्यमीलाई पुँजी, सीप, प्रविधि र बजारसँग जोड्ने सेतुका रूपमा सम्मेलनले भूमिका निर्वाह गर्ने विश्वास आयोजकले लिएको छ। सम्मेलनलाई सफल र प्रभावकारी बनाउन नेपाल सरकार का सम्बन्धित निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्था, निजी क्षेत्र, महिला उद्यमी, विज्ञ, सञ्चारकर्मी तथा सम्पूर्ण सरोकारवालालाई सक्रिय सहभागिता, सहयोग र सहकार्यका लागि एनआरएनएले आग्रह गरेको छ ।

मधेस सरकारको विशेष प्राथमिकतामा

जनकपुरधाम । भौतिक पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले वर्तमान सरकारले मधेस प्रदेशलाई विशेष प्राथमिकतामा राखेर विकास निर्माणका कार्यक्रम अघि बढाएको बताउनुभएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)द्वारा जनकपुरधाममा आयोजित भेटघाट तथा अन्तरक्रिया कार्यक्रममा उहाँले सडक, खानेपानी, ढल निकास तथा ग्रामीण सडक पूर्वाधार निर्माणका लागि अन्य प्रदेशको तुलनामा मधेसमा बढी बजेट विनियोजन गरिएको बताउनु भयो । उहाँले भन्नुभयो, "यो सरकारले सबैभन्दा बढी न्याय बेल्चा चलाउने श्रमिकलाई गरेको छ । अब उप्रान्त मङ्सिर महिनादेखि बेल्चा चलाउने श्रमिकले दैनिक रु एक हजार ७०० कमाउने छन् ।" मन्त्री लम्सालले आजै ढल्केबर-जनकपुरधाम सडक खण्डअन्तर्गत निर्माणाधीन बससी पुल, धनुषाको मिथिला बिहारी नगरपालिकास्थित निर्माणाधीन कटरेत पुल, जालाद पुल सिर्सिया, इच्छापुरस्थित जालाद पुल तथा मिथिला सागर पुलको स्थलगत निरीक्षण गर्नुभयो ।

पानको तेस्रो राष्ट्रिय शिखर सम्मेलन जनकपुरमा

जनकपुर । प्रधानाध्यापक सङ्घ नेपाल (पान) को तेस्रो राष्ट्रिय शिखर सम्मेलन भोलिदेखि जनकपुरधाममा सुरु हुने भएको छ ।

पानका मधेस प्रदेश अध्यक्ष सन्जय झाले बिहीबार जनकपुर धाममा पत्रकार सम्मेलनको आयोजना गरी सो सम्मेलनको तयारी पूरा भएको बताउनुभएको हो ।

उहाँले नेपालको विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि, प्राज्ञिक नेतृत्व सुदृढीकरण तथा तीनै तहका सरकार र सरोकारवालाहरूबीच नीतिगत सहकार्य निर्माण गर्ने उद्देश्यका साथ प्रिन्सिपल्स एसो-सिएसन अफ नेपाल (पान) को आयोजनामा सञ्चालन हुने बताउनुभयो ।

अध्यक्ष झाले नेपालको संविधानले आधारभूत तथा माध्यमिक शिक्षाको अधिकार स्थानीय तहलाई सुम्पेको वर्तमान परिप्रेक्ष्यमा विद्यालय नेतृत्व (प्रधानाध्यापक) र स्थानीय सरकारबीचको समन्वयले मात्र व्यावहारिक शैक्षिक रूपान्तरण सम्भव छ । साथै विद्यालय एक्लैले गुणस्तरीय सिकाइ वातावरण निर्माण गर्न सक्दैन: यसका लागि शिक्षक, विद्यार्थी, अभिभावक, जनप्रतिनिधि र नीति-निर्माताहरूको साझा सहकार्य अपरिहार्य छ उहाँले बताउनुभयो ।

यही यथार्थलाई आत्मसात् गर्दै देशभरका शैक्षिक अगुवाहरूलाई साझा मञ्च प्रदान गर्न यो शिखर सम्मेलन केन्द्रित रहनेछ उहाँले बताउनुभयो । उहाँले सम्मेलनमा देशभरका सातै प्रदेशबाट एक हजारभन्दा बढी प्रधानाध्यापक, शिक्षक, शिक्षाविद्, स्थानीय तहका प्रमुख तथा जनप्रतिनिधि, शिक्षा मन्त्रालय का नीतिनिर्माता र विकास साझेदारहरू प्रत्यक्ष सहभागी हुने जानकारी दिनुभयो ।

यस सम्मेलनले नेपालको विद्यालय शिक्षा सुधारको दीर्घकालीन मार्गचित्र कोर्न दुई महत्त्वपूर्ण दस्तावेज सार्वजनिक गर्ने छ: जनकपुर घोषणापत्र सम्मेलनका सघन छलफल र निष्कर्षका आधारमा नेपालको विद्यालय शिक्षाको गुणस्तर सुधार, समता मूलक पहुँच, शिक्षक पेसागत मर्यादा र शैक्षिक अधिकार कार्यान्वयनका साझा प्रतिबद्धता समेटिएको ऐतिहासिक जनकपुर घोषणापत्र जारी गरिने उहाँले बताउनुभयो ।

उहाँले विद्यालय नेतृत्वको क्षमता विकास, नवप्रवर्तन, सूचना प्रविधिको प्रयोग, पेसागत दक्षता र आगामी कार्यदिशा स्पष्ट पार्ने पानको बहुवर्षीय रणनीतिक योजना सार्वजनिक गरिने बताउनुभयो ।

राष्ट्रिय शिक्षा पुरस्कार तथा सम्मान, शिक्षा क्षेत्रमा उत्कृष्ट कार्य गरी समाज रूपान्तरणमा समेत उल्लेखनीय योगदान पुर्याउने विद्यालय, नेतृत्वकर्ता तथा स्थानीय तहहरूलाई भव्य समारोहका बीच सम्मान गरिने उहाँले जानकारी दिनुभयो । उहाँले सातै प्रदेशबाट आधारभूत तह (७), माध्यमिक तह (७), (१४ प्रधानाध्यापक): सातै प्रदेशबाट आधारभूत तह (७) र माध्यमिक तह (७) उत्कृष्ट स्थानीय तह सम्मान: उत्कृष्ट गाउँपालिका (७), उत्कृष्ट नगरपालिका (७) र उत्कृष्ट महानगर/ उपमहानगर पालिका (१) गरी विशेष सम्मान गर्ने कार्यक्रम रहेको बताउनुभयो ।

त्यस्तै, शिक्षा पत्रकारितामा क्रियाशील एक महिला र एक पुरुष सञ्चारकर्मीलाई तथा शिक्षा क्षेत्रमा दीर्घकालीन योगदान पुर्याउने एक जना विशिष्ट व्यक्तित्वलाई सम्मान गर्ने कार्यक्रम रहेको उहाँले बताउनुभयो ।

सम्मेलन तीन दिनसम्म सञ्चालन हुने र राष्ट्रिय तथा अन्त - राष्ट्रिय ख्यातिप्राप्त शिक्षाविद्हरूबाट मूल कार्यपत्र प्रस्तुति, सङ्घीय र प्रादेशिक सांसदहरू तथा स्थानीय सरकार प्रमुखहरूसँग विद्यालय शिक्षा विधेयक र नीतिगत चुनौतीहरूमाथि खुला बहस, डिजिटल सिकाइ, विद्यालय प्रशासन, समावेशी शिक्षा, मानसिक स्वास्थ्य र नेतृत्व कलाबारे विषयगत सत्रहरू, नवीन शैक्षिक सामग्री, सूचना प्रविधि र शिक्षण विधिहरूको बृहत् शैक्षिक प्रदर्शनी, स्थानीय तहका प्रमुख र विद्यालय नेतृत्वबीच स्रोत व्यवस्थापन तथा शैक्षिक सहकार्यसम्बन्धी अनुभव आदान-प्रदान गर्ने कार्यक्रम रहेको उहाँले जानकारी दिनुभयो ।

एसियन हाइवेको पूर्वी सडकखण्डमा २५ किमी कालोपत्रे

झापा । एसियन हाइवेको काँकड-भिट्टा-लौकही सडकको पूर्वी खण्डमा २५ दशमलव पाँच किलोमिटर सडक कालोपत्रे भएको आयोजना प्रमुख सुनिलबाबु पन्तले जानकारी दिनुभयो ।

उहाँका अनुसार काँकडभिट्टा देखि सितापुरीसम्मको ४५ किलो मिटर मध्ये सडकको दुवै तर्फ १९ दशमलव पाँच किलोमिटर र एकतर्फी छ किलोमिटर सडकमा कालोपत्रे भएको छ । निर्माणधीन चार लेनको सडकको भौतिक प्रगति ५६ प्रतिशत रहेको उहाँले बताउनुभयो ।

निर्माण कम्पनीले रु.१० अर्ब ६ करोड ९४ लाखमा ठेक्का लिएको सडकको हालको म्याद आगामी माघ १८ गतेसम्म रहेको छ । दुई तहमा कालोपत्रे गर्नुपर्ने भएकाले पहिलो तहको कालोपत्रे म्यादभित्रै सक्ने लक्ष्य राखिएको उहाँको दाबी छ । उहाँले भन्नुभयो, "सतप्रतिशत काम सम्पन्न हुने सम्भावना कम देखिएको छ । पूर्ण रुपमा काम सम्पन्न गर्न अझै करिब एक वर्ष लाग्ने अनुमान गरिएको छ ।" आयोजनामा एसियाली विकास बैंकको ८४.९५ प्रतिशत र नेपाल सरकारको १५.१५ प्रतिशत लगानी रहेको छ । पुल निर्माणतर्फ यो प्याकेजमा पर्ने १८ वटा पुलको काम पूरा भइसकेको छ ।

कनकाई माई, विरिङ र नन्दा खोलामा आर्क ब्रिज प्रकृतिको पुल बन्नेछ । जसमध्ये विरिङ खोलामा स्टिल ट्रस जडानको काम सुरु गरिएको छ । दुई पिस रहने उक्त संरचनाले आगामी करिब दुई महिनामा आकार लिने अपेक्षा गरिएको छ । बिर्तामोड र चारआली लगायत सहरी तथा घनाबस्ती भएका क्षेत्रमा विद्युतका पोल सार्न बाँकी रहँदा काममा केही जटिलता आएको उहाँले बताउनुभयो ।

कर्णालीलाई गरिबीको भाष्यबाट मुक्त गर्नुपर्नेमा जोड

सुर्खेत । कर्णालीलाई विकटता, गरिबी र अभावको परिचयबाट मुक्त गरी सम्भावनायुक्त प्रदेशका रूपमा बहविकास गर्नुपर्नेमा मुख्यमन्त्री मङ्गलबहादुर शाहीले जोड दिनुभएको छ ।

सुर्खेतको वीरेन्द्रनगरमा बिहीबार लेखकद्वय डा दीपेन्द्र रोकाया र मोहनदास मानन्धरद्वारा लिखित 'कर्नाली उपेक्षा र उज्यालो' पुस्तक विमर्श कार्यक्रममा उहाँले जलस्रोत, खानी, कृषि, पर्यटन र जडीबुटीमा रहेको सम्भावनाको उपयोग गर्न सके कर्णालीबाटै समृद्धिको आधार तयार गर्न सकिने बताउनुभयो ।

कर्णालीलाई अशिक्षा, अभाव र गरिबीको पर्यायका रूपमा चित्रित गर्ने दृष्टिकोण बदल्नुपर्ने उल्लेख गर्दै उहाँले प्रदेशको विकासका लागि राज्यले पूर्वाधार निर्माणलाई प्राथमिकता दिनुपर्ने बताउनुभयो । विगतको तुलनामा कर्णाली धेरै अघि बढिसकेको उल्लेख गर्दै उहाँले प्रदेशलाई सधैं विकटता र विपन्नताको दृष्टिले मात्र हेर्न नहुने धारणा राख्नुभयो । मुख्यमन्त्री शाहीले आफूले सरकारको नेतृत्व सम्हाले पछि छोटो अवधिमै प्रदेशसभामा विभिन्न कानुन निर्माणका लागि विधेयक प्रस्तुत गरिएको र तथ्याङ्क सुधारका काम अघि बढाइएको जानकारी दिनुभयो ।

कर्णाली प्रदेश योजना आयोगका उपाध्यक्ष डा भीमबहादुर खत्रीले पुस्तकमा कर्णालीको इतिहास, भोगाइ, सङ्घर्ष र व्यवस्था परिवर्तनमा प्रदेशले गरेको योगदान समेटिएको बताउनुभयो । कर्णालीको विकासको उपयुक्त मोडेलबारे पनि पुस्तकमा चर्चा भएको भए अझ उपयोगी हुने उहाँको भनाइ थियो । लेखक डा रोकायाले पुस्तकमा कर्णालीमाथिको उपेक्षा, विकासको खोजी, समृद्धिका सूचक, सङ्घीयताका उपलब्धि र समसामयिक बहसका विषय समेटिएको जानकारी दिनुभयो । उहाँले हुम्लाबाट एकै दिन सडकमार्ग हुँदै सुर्खेत र सङ्घीय राजधानी काठमाडौं पुग्न सकिने सडक सञ्जाल निर्माण गर्नुपर्नेमा जोड दिनुभयो । हिमाली क्षेत्रको पर्यापर्यटन प्रवर्द्धनका लागि सडक निर्माण आवश्यक रहेको उहाँले बताउनुभयो ।

अर्का लेखक मानन्धरले कर्णालीको जलविद्युत् विकाससँग आफ्नो सम्बन्ध जोडिएको उल्लेख गर्दै तिला लगायतका आयोजनामा आफूले काम गरिरहेको जानकारी दिनुभयो । कर्णालीमा सम्भावनाका ढोका खुल्दै गएको भन्दै उहाँले तिनको उपयोगका लागि प्रदेश सरकारले अग्रसरता लिनुपर्ने बताउनुभयो । उक्त पुस्तकमा विगतको कर्णालीको अवस्था र भविष्यको विकास मार्गबारे विश्लेषण गरिएको छ । कार्यक्रममा पूर्वमन्त्री रनसिंह परियार, मध्यपश्चिम विश्व-विद्यालयका रजिस्ट्रार प्राडा सुदीप ठकुरी तथा नागरिक अगुवा पिताम्बर ढकाल लगायतको सहभागिता थियो ।

जलवायु वित्त र निजी लगानी परिचालनमा नेपालको जोड

काठमाडौं । नेपालले जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण, अनुकूलन क्षमता अभिवृद्धि तथा दिगो आर्थिक विकासका लागि अन्तरराष्ट्रिय जलवायु वित्त र निजी क्षेत्रको लगानी परिचालनमा जोड दिएको छ ।

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सम्मेलन (कोप-३१) का क्रममा नेपालले जलवायु वित्त, कार्बन व्यापार, बहुपक्षीय विकास बैङ्कको सहयोग तथा हरित पूर्वाधारमा निजी लगानी भित्र्याउने विषयमा अन्तरराष्ट्रिय संस्थाका प्रतिनिधिसँग छलफल गरेको हो ।

सम्मेलनका अवसरमा स्वच्छ ऊर्जा लगानीकर्ता तथा जलवायु अभियन्ता समृद्धि ज्ञवालीले ग्लोबल ग्रिन ग्रोथ इन्स्टिच्युट (जिजिजिआई) का उपकार्यकारी निर्देशक तथा हरित विकास कार्यान्वयन प्रमुख डा माले फोफाना र हरित जलवायु कोष (जिसिएफ) की पूर्वी तथा दक्षिण एसिया क्षेत्रीय प्रबन्धक डियान जेगामसँग परामर्श गर्नुभएको थियो । छलफलमा पेरिस सम्झौताको धारा ६ अन्तर्गत कार्बन बजारको उपयोग, अन्तरराष्ट्रिय वित्तीय स्रोत परिचालन, जलवायु अनुकूलन कार्यक्रम तथा निजी क्षेत्रको लगानी विस्तारलाई प्राथमिकता दिइएको थियो ।

जलवायु परिवर्तनको प्रभाव सामना गर्न आवश्यक लगानी जुटाउन बहुपक्षीय विकास बैंक, अन्तरराष्ट्रिय जलवायु कोष, निजी क्षेत्र र सरकारबीच सहकार्यमा आधारित वित्तीय संरचना विकास गर्नुपर्नेमा जोड दिइएको थियो । यसअन्तर्गत सहुलियतपूर्ण ऋण, अनुदान र जोखिम न्यूनीकरणका वित्तीय उपकरण उपयोग गर्ने, स्वच्छ ऊर्जा, विद्युतीय सार्वजनिक यातायात तथा न्यून कार्बन पूर्वाधारमा निजी लगानी बढाउने र लगानीमैत्री नीतिगत वातावरण निर्माण गर्ने विषयमा छलफल भएको थियो ।

कार्बन व्यापारलाई नेपालको आम्दानीको वैकल्पिक स्रोतका रूपमा विकास गर्न सकिने सम्भावनाबारे पनि छलफल गरिएको थियो । वन संरक्षण, नवीकरणीय ऊर्जा तथा न्यून कार्बन उत्सर्जन गर्ने परियोजनाबाट प्राप्त उत्सर्जन न्यूनीकरण उपलब्धि (आइटिएमओ) र कार्बन क्रेडिट अन्तरराष्ट्रिय बजारमा कारोबार गरी आर्थिक लाभ लिन सकिने विषय उठाइएको थियो । नेपालको जलविद्युत् उत्पादन क्षमता र क्षेत्रीय ऊर्जा व्यापारलाई हरित अर्थतन्त्रको आधारका रूपमा प्रस्तुत गर्दै अतिरिक्त स्वच्छ ऊर्जा छिमेकी मुलुकमा निर्यात गर्ने र क्षेत्रीय विद्युत् सञ्जाल विस्तारमार्फत लगानी आकर्षित गर्ने सम्भावनाबारे पनि छलफल भएको थियो । जिजिजिआईका प्रतिनिधि डा फोफानाले एसियाका विभिन्न देशमा विकसित सीमापार ऊर्जा व्यापारका अभ्यासबाट नेपालले लाभ लिन सक्ने धारणा राख्नुभएको थियो । हिमाली पारिस्थितिक प्रणालीको संरक्षण तथा जलवायु जोखिम न्यूनीकरणका लागि दक्षिण एसियाली मुलुकबीच क्षेत्रीय सहकार्य आवश्यक रहेकोमा पनि जोड दिइएको थियो । हरित जलवायु कोषकी प्रतिनिधि जेगामले जलवायु वित्तमा नेपालको पहुँच प्रभावकारी बनाउन संस्थागत क्षमता अभिवृद्धि र परियोजना तयारीलाई बलियो बनाउनुपर्ने बताउनुभएको थियो । कोषको तयारी कार्यक्रमअन्तर्गत उपलब्ध अनुदान तथा प्राविधिक सहयोगबाट सरकारी निकायको क्षमता विकास, लगानीयोग्य परियोजना निर्माण र राष्ट्रियस्तरमा समन्वित वित्तीय संरचना विकास गर्न सकिने विषयमा छलफल भएको थियो । जलवायु परिवर्तनबाट बढी प्रभावित स्थानीय समुदायलाई अनुकूलन कार्यक्रमको योजना निर्माण तथा कार्यान्वयनमा सहभागी गराउनुपर्नेमा पनि जोड दिइएको थियो । राष्ट्रिय प्रकृति संरक्षण कोष, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र तथा कर्णाली क्षेत्रमा सञ्चालित समुदायकेन्द्रित कार्यक्रम लाई स्थानीयस्तरमा जलवायु अनुकूलनका उदाहरणका रूपमा प्रस्तुत गरिएको थियो । जिजिजिआईले गरिरहेको सहजी-करणलाई पनि लगानी परिचालनको सम्भावित माध्यमका रूपमा छलफल गरिएको थियो । कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीसहित सरकारी नेतृत्वको सक्रियता र अन्तरराष्ट्रिय संस्थाको सहयोगबाट जलवायु प्रतिबद्धतालाई लगानी तथा विकास कार्यक्रममा रूपान्तरण गर्न सकिने विश्वास सहभागीले व्यक्त गरेका थिए ।

नेपाली सेनाले जनताको सूचनाको हकको सम्मान गर्ने

काठमाडौं । नेपाली सेनाका प्रवक्ता सहायक रथि राजेन्द्र श्रेष्ठले नेपाली सेनाले जनताको सूचनाको हकको सदा सम्मान गर्ने बताउनुभएको छ ।

सैनिक मुख्यालयमा (हिजो) बिहीबार पत्रकारहरूसँग अन्तर क्रियाका क्रममा नवनियुक्त प्रवक्ता तथा नेपाली सेनाको जनसम्पर्क तथा सूचना निर्देशनालयका निर्देशक श्रेष्ठले राष्ट्र र जनताको सेवामा समर्पित रही राष्ट्रिय सुरक्षालाई ध्यानमा राखेर नेपाली सेनाले जनताको सूचनाको हकको सम्मान गर्ने बताउनुभएको हो ।

उहाँले भन्नुभयो, "नेपाली सेना प्रेससँग समन्वय र सहकार्यमा अघि बढिरहेको छ र भोलिका दिनमा पनि यसलाई निरन्तरता दिन्छ । सदा सूचनाको हकलगायत नागरिक स्वतन्त्रताको संरक्षणमा प्रतिबद्ध सेनाले विकास निर्माण लगायत अन्य सैन्य गतिविधिहरू मिडिया मार्फत् समयमै सार्वजनिक गर्नेछ ।" उहाँले नेपाली सेना र नेपाली सञ्चारमाध्यमकाबीचको सम्बन्ध सदैव व्यावसायिक र सुमधुर रही आएको पनि स्पष्ट गर्नुभयो ।

उहाँले सामाजिक सञ्जाल एवं कतिपय मिडियामा समेत यदाकदा भ्रमपूर्ण र मिथ्या सूचना आउने गरेको बताउँदै यस्तो गलत प्रवृत्तिलाई सबैले मिलेर रोक्नुपर्ने धारणा पनि राख्नुभयो ।

राष्ट्रिय सङ्कटको घडीमा नेपाली सेनाले जस्तै नेपालका आमसञ्चारकर्मीहरूले पनि राष्ट्र, राष्ट्रियता र जनताका पक्षमा निर्वाह गर्दै आएको भूमिकाको प्रशंसा पनि गर्नुभयो ।

सो कार्यक्रममा नेपाली सेनाका निवर्तमान प्रवक्ता राजाराम बस्नेतले सुरक्षा र सूचनाका बीचको सम्बन्ध अन्योन्याश्रित रहेको प्रसङ्ग उल्लेख गर्दै नेपाली मिडिया जगतले सधैं नेपाली सेनासँग समन्वय गरेर सूचना प्रवाह गर्ने गरेको चर्चा गर्नुभयो ।



त्यस अवसरमा वरिष्ठ पत्रकार बबिता बस्नेतले पछिल्ला वर्षमा राष्ट्रिय सुरक्षा लगायत अन्य कतिपय संवेदनशील विषय र क्षेत्रहरूमा प्रेस र सेनाबीचको समन्वय र सहकार्यले भ्रमपूर्ण र मिथ्या सूचना नियन्त्रणमा समेत सकारात्मक भूमिका निर्वाह गर्ने गरेको धारणा राख्नुभयो ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com